# DCCMC, सर्लाहीको बैठक

## मितिः २०७८।०१।०७

आज मिति २०७८/०१/०७ गते मङ्गलबार जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङज्यूको अध्यक्षतामा तपसिलबमोजिमको पदाधिकारीज्यूहरूको उपस्थितिमा जिल्ला कोभिड संकट व्यवस्थापन समिति (DCCMC) को बैठक बसी देहायका निर्णय गरियो:–

### उपस्थिति

१. प्रमुख जिल्ला अधिकारी श्री हेमराज तामाङ, जिल्ला प्रशासन कार्यालय, सर्लाही

२. जिल्ला समन्वय अधिकारी श्री होमनाथ सुबेदी, जिल्ला समन्वय समिति, सर्लाही

३. प्रहरी उपरीक्षक श्री सन्तोषसिंह राठौर, जिल्ला प्रहरी कार्यालय, सर्लाही

४. स.प्र.उ. श्री गंगाराम श्रेष्ठ, सशस्त्र प्रहरी बल नेपाल, नं.१० गण, हे.क्वा., सर्लाही

५. उ.अ.नि. श्री दिलिप कुमार सिंह, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सर्लाही

६. सेनानी श्री विवेक प्रताप खाँण, भैरवी दल गण, सर्लाही

७. डा. सञ्जिव कुमार सिंह, मलंगवा अस्पताल, सर्लाही

९. स्वास्थ्य कार्यालय प्रमुख श्री श्रवण कुमार नायक, स्वास्थ्य कार्यालय, सर्लाही

१०. स्वास्थ्य अधिकृत तह ६ श्री बलिराम यादव, स्वास्थ्य कार्यालय, सर्लाही

### विशेष उपस्थिति

१. जिल्ला समन्वय समिति, सर्लाहीका प्रमुख श्री मैथुर चौधरी, जिल्ला समन्वय समिति, सर्लाही

२. नगरप्रमुख श्री निरसल साह, मलंगवा नगरपालिका, सर्लाही

३. अध्यक्ष श्री विरेन्द्र प्रसाद शाह, उद्योग वाणिज्य संघ, सर्लाही

४. उपाध्यक्ष श्री अनवर अहमद, नेपाल पत्राकार महासंघ, जिल्ला शाखा, सर्लाही



Scanned with CamScanner

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४ मिति २०७८/०१/०६ गतेको निर्णय कार्यान्वयनको सम्बन्धमा प्राप्त पत्रबमोजिम कोभिड - १९ सम्बन्धी मिति २०७८/०१/०६ गतेको नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार विश्वभरि फैलिँदै गएको नयाँ भेरियन्टसहितको कोभिड - १९ महामारी नेपालमा समेत सङ्क्रमण बढ्दै गएको सन्दर्भमा सोको रोकथाम तथा नियन्त्रणका लागि सङ्क्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग नेपाल सरकार मन्त्रिपरिषद्ले गरेको निर्णय तथा जारी गरेको आदेशको कार्यान्वयन गर्न यस जिल्लाका सम्बन्धमा कोभिड- १९ को सङ्क्रमण फैलन नदिन तथा रोकथामको उचित प्रबन्ध गर्न देहायबमोजिम गर्ने निर्णय गरियोः–

१. नेपाल सरकार मन्त्रिपरिषद्को प्राप्त निर्णय तथा आदेशबमोजिम कोभिड सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरोकारित सबै निकायलाई जिल्ला प्रशासन कार्यालयबाट निर्णय कार्यान्वयनको लागि तत्काल पत्राचार एवम् सूचना जारी गर्ने ।

२. कोभिड सङ्क्रमण फैलन नदिन अपनाइएको रोकथाम तथा नियन्त्रणका लागि गरिएको आदेश, निर्णय तथा सूचनाबमोजिम निषेध गरिएको कार्यको अवज्ञा गर्ने व्यक्ति/समूह/निकायलाई कानूनबमोजिम जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालय एवम् प्रहरी युनिटमार्फत कारवाही गर्ने ।

३. व्यापार/व्यवसायमा स्वास्थ्यसम्बन्धी मापदण्डको अक्षरशः पालना गर्न/गराउन उद्योग वाणिज्य संघ, सर्लाहीबाट समेत् जिल्लाभित्रका व्यापारी/व्यवसायीहरूलाई पत्राचार तथा जानकारी गराउने व्यवस्था गर्ने ।

४. स्वास्थ्य कार्यालय, सर्लाहीले स्वास्थ्य सचेतनासम्बन्धी जिङ्गल, पोष्टर र सूचना प्रकाशन गरी प्रचार/प्रसार गर्ने ।

५. जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जिल्लाभित्रका विभिन्न प्रहरी युनिटमार्फत कोभिड सचेतनासम्बन्धी जिङ्गल बजाउने र कोभिड - १९ को मापदण्ड पालना नगर्ने कडा कारवाही हुने चेतना/जानकारी गराउने ।

६. भारतमा कोभिड सङ्क्रमणको दर उच्च भई नेपालमा समेत् जोखिम वृद्धि भएको सन्दर्भमा भारतसँगको सीमा नाकामा विओपि र सीमाका प्रहरी युनिटमार्फत कडा चेक जाँच तथा निगरानी बढाउने ।



Scanned with CamScanner

७. कोभिड-१९ को रोकथाम तथा व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधनको प्रबन्ध गर्न स्वास्थ्य कार्यालय, सर्लाहीले सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २ लाई पत्राचार एवम् अनुरोध गर्ने ।

८. सार्वजनिक सवारी तथा यातायातका साधनहरूमा कोभिड १९ को मापदण्ड पालना गर्न/गराउन यातायात व्यावसायीहरूलाई समेत् पत्राचार एवम् जानकारी जिल्ला प्रशासन कार्यालयले गर्ने ।

९. विगत वर्षमा सञ्चालन तथा उपयोगमा ल्याइएका आइसोलेसन सेन्टरलाई आवश्यकता पर्दाका बखत उपयोग गर्न सक्ने गरी तयारी हालतमा राख्न प्रदेश सरकारको प्रतिनिधि कार्यालयको हैसियतमा स्वास्थ्य कार्यालय, सर्लाहीले समन्वयात्मक भूमिका गर्ने ।

१०. कोभिड- १९ को सङ्क्रमण फैलिन नदिन पिसिआर वा एन्टिजेन आरडिटी टेस्टिङ तथा CICT (केस इन्भेष्टिगेसन र केस कन्ट्र्याक ट्रेसिङ) लगायतका कार्यमा स्वास्थ्य कार्यालय, सर्लाहीले प्रचलित मापदण्डअनुरूप स्वतःस्फूर्त रूपले टेस्ट गर्ने कार्य गरी कार्य अवस्थाको बारेमा DCCMC को प्रमुखलाई प्रतिवदेन गर्ने ।

११. DCCMC, सबै सरोकारित निकाय, स्थानीय तहसमेतको समन्वय र सहकार्यमा आवश्यकतानुसार अन्य सतर्कताको उपायसहित् कोभिड रोकथाम तथा नियन्त्रणको भरपर्दो प्रबन्ध गर्ने ।



Scanned with CamScanner